भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ४ मितिः २०७७/०३/०७

भाग-२

भूमे गाउँपालिका

# भूमे गाउँपालिकाको स्थानीय भवन तथा पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०७७

**गाउँसभामा प्रस्तुत मितिः २०७७।०३।०४**
**गाउँसभाबाट स्वीकृत मितिः २०७७।०३।०४**

**प्रस्तावनाः** भूमे गाउँपालिका क्षेत्रभित्र निर्माण हुने विभिन्न भवन तथा पूर्वाधार निर्माणलाई सुरक्षित, सुन्दर र समपरुप बनाई नमूना गाउँपालिका निर्माण गर्न भूमे गाउँपालिकाले यो मापदण्ड बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संहिताको नाम "भूमे गाउँपालिकाको संहिता २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. गाउँपालिकाको सञ्चालनः** (१) गाउँपालिकाको सञ्चालन नेपालको संविधान, नेपाल सरकार (मन्त्रिपरिषद्) कार्य विस्तृतिकरण प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँसभा तथा गाउँ कार्यपालिकाबाट पारित विभिन्न ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तथा हाल विद्यमान नेपाल सरकारका विभिन्न कानूनहरुको आधारमा हुनेछ ।

(२) गाउँपालिकाले आफ्नो आवश्यकतानुसार ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ ।

**३. भवन निर्माण तथा सडक नियमन सम्बन्धी अनुशासनः** (१) भवन निर्माण तथा सडक नियमन

सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ मा उल्लेख भएका सम्पूर्ण व्यवस्था, भवन निर्माण सम्बन्धी राष्ट्रिय संहितामा उल्लेख भएका शर्तहरुको पूर्ण कार्यान्वयन गर्नुपर्ने छ ।

(२) खण्ड (१) मा उल्लेख भएका कानूनी प्रावधानहरुको कार्यान्वयनको लागि देहाय बमोजिम भवन निर्माण तथा सडक नियमन संहिता कार्यान्वयन गर्नुपर्नेछः

(क) गाउँपालिका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने व्यक्ति, सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सासहित तोकिएको ढाँचामा गाउँपालिका समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(ख) नयाँ भवन निर्माण गर्ने नक्सामा अन्य कुराहरुका अतिरिक्त सो भवनको छुट्टै चर्पी र सकपिट तथा त्यस्तो भवन अर्को भवनसँग जोडी बनाउने भएमा सो भवनको छुट्टै किलास रहने गरी नक्सामा खुलाउनु पर्नेछ ।

(ग) दरखास्त दिँदा आफ्नो हक भोगको जग्गामा निर्माण गर्ने भए हक भोगको निस्सा र अरुको हक भोगको जग्गामा निर्माण गर्ने भए निजको हक भोगकको निस्सासहित मन्जुरीको लिखत पेश गर्नुपर्नेछ ।

(घ) कुनै भवन निर्माण गर्न अनुमति पाएकोमा त्यसरी अनुमति पाएको मितिले दुई वर्षभित्र त्यस्तो भवन निर्माण गरिसक्नु पर्नेछ ।

(ङ) यदि कोही कसैले कानूनमा व्यवस्था भए बमोजिम बाहेक अनुमति नदिई वा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा सो भवन वा त्यसको कुनै भाग भत्काउने आदेश दिइनेछ । साथै पास भएको नक्सामा गाउँपालिकाको स्वीकृति बेगर हेरफेर गरी भवन निर्माण गरेको वा गरिरहेको ठहरेमा एक लाख रुपैयाँसम्म जरिवाना गर्न र सो भवन वा त्यसको कुनै भाग भत्काउन आदेश दिइनेछ ।

(च) गाउँपालिका बन्नु पूर्व नक्सा पास गर्ने प्रावधान नभएका साविकका गाविसहरु (मोराबाङ, काँडा, काँक्री, महत र चुनबाङ र रुकुमकोटको ४ नं वडा ) मा निर्माण भएका भवनहरु गाउँपालिकाले तोकेको प्रक्रिया अनुसार (ग र घ वर्गको घरको हकमा सम्बन्धित घरधनीले घरको फोटोसहित घरले चर्चेको जग्गाको जग्गाधनी पूर्जा लिएर सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्नुपर्नेछ । वडा अध्यक्ष/सचिवले पनि आर्थिक वर्ष २०७४।०७५ भित्रमा आफ्नो वडा कार्यालयभित्रका सम्पूर्ण घरहरुको फोटो सहितको अभिलेख संकलन गरी गाउँपालिकामा पेश गरी सम्बन्धित वडा कार्यालयको अभिलेखमा समेत दर्ता गराउनुपर्नेछ ।

(छ) गाउँपालिकाले तत्काल आधुनिक र व्यवस्थित शहर निर्माणको अवधारणा अनुसार गाउँपालिका क्षेत्रभित्रको ग्रामीण सडकको क्षेत्र (राइट अफ वे) अनुसूची १ बमोजिम हुनेछ । सडक क्षेत्र तोक्दा सडकको दायाँ बायाँको क्षेत्र राष्ट्रिय तथा प्रादेशिक कानूनमा भएको व्यवस्था अनुकूल हुनुपर्नेछ ।

**४. फोहरमैला तथा बजार व्यवस्थापन सम्बन्धी संहिताः** (१) स्वच्छ र व्यवस्थित गाउँपालिका

निर्माणको लागि देहायका संहिता कार्यान्वयन गर्नुपर्नेछः

(क) गाउँपालिका क्षेत्रभित्र निर्दिष्ट स्थानमा फोहर नफाली जतातत्तै फोहर फालेमा उक्त फोहर हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट६ असुल गरी थप पन्ध्र हजार रुपैयाँसम्म जरिवाना लाग्नेछ ।

(ख) गाउँपालिका क्षेत्रभित्र कसैले सार्वजनिक आवतजावतमा अवरोध हुने गरी वा अरुलाई अप्ठ्यारो पार्ने नियत राखी रूख लगाउने वा पर्खाल लगाउने वा घरटहरा निर्माण गर्ने कार्य गरेको भए पहिलो चोटीलाई स्वयं व्यक्ति वा परिवारले हटाउन आदेश दिइनेछ । यदि कोही कसैले सो कार्य गरी आदेश बमोजिम हटाउन अटेर गरेमा गाउँपालिकाले हटाई सो हटाउन लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल गरी थप पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरिनेछ ।

(ग)कसैले आफ्नो घर, छिमेकीको घर, आगन, चोकमा फोहर फालेमा वा वातावरण दुर्गन्धित हुने कार्य गरेमा पहिलो पटकलाई आफ्नो फोहर आफैंले व्यवस्थापन गर्न आदेश दिइनेछ । यदि आदेश अनुसार नगरेको पाइएमा गाउँपालिकाले त्यस्तो कार्य गर्ने व्यक्तिलाई दश हजारसम्म जरिवाना गरी त्यस्तो हानी नोक्सानीको बिगो सम्बन्धित व्यक्तिबाट असुल उपर गराइनेछ ।

(घ) गाउँपालिकाको इजाजत बेगर सार्वजनिक बाटो घर्ने वा रोक्ने वा आवतजावतमा अवरोध खडा गर्ने कार्य गरेमा सम्बन्धित निकायलाई घेरा, बार अवरोधका सामानहरु हटाउन लगाई दश हजार रुपैयाँसम्म जरिवाना गरिनेछ ।

(ङ) अरुलाई दुःख दिने नियतले कसैले बाधा अवरोध पुर्‍याउने गरी ढल निकास, चर्पी, सेफ्टी ट्याङ्की बनाउने राख्ने जस्ता कार्य गरेमा पहिलो पटकलाई निर्माण गरिरहेको भए रोक्न तथा निर्माण गरिसकेको भए हटाउन आदेश दिइनेछ । यदि कोही कसैले आदेश अनुसार गरेको नपाइएमा गाउँपालिकाले रोक्न, हटाउन वा भत्काउन बाध्य हुनेछ । साथै आदेश पालना नगर्ने व्यक्तिबाट असुल उपर गरी थप दश हजार रुपैयाँ सम्म जरिवाना गरिनेछ ।

(च) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको कोही कसैले हानी नोक्सानी वा अपचलन वा अतिक्रमण गरेको पाइएमा वा सो सूचना गाउँपालिकामा प्राप्त भएमा वा सार्वजनिक संरचना बिगारेमा प्रचलित कानूनबमोजिम सजाय हुनेछ । साथै कानूनमा सजाय नतोकिएको अवस्थामा गाउँपालिकाले दश हजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(छ) गाउँपालिका क्षेत्रभित्र सञ्चालित पसलहरुमा व्यवसाय दर्ता गर्न तथा उपभोग्य वस्तु तथा सेवाको मूल्य-सूची राख्न सार्वजनिक सूचना जारी गरिनेछ । यदि सूचना बमोजिम नगरेको पाइएमा सम्बन्धित पसलधनीलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(ज) बजार अनुगमनको क्रममा कोही कसैले जानी जानी नियतवश म्याद गुज्रेको उपभोग्य वस्तु विक्रीको लागि राखेको पाइएमा बजार अनुगमन टोलीले पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(झ) सार्वजनिक बाटोघाटो, सडकमा जथाभावी ढल, कुलो वा घरबाट निस्कने पानी मिसाएमा सम्बन्धित व्यक्ति, घरधनी वा समुदायलाई पहिलो चोटी त्यसो नगर्न सार्वजनिक सूचना प्रकाशन गरिनेछ। सूचनालाई बेवास्ता गरी त्यस्तो कार्यलाई निरन्तरता दिएमा दश हजार रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको अन्य कारबाही हुनेछ।

५. **गाउँपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पत्तिको व्यवस्थापन सम्बन्धी संहिताः** (१) गाउँपालिकाको नाममा रहेका सम्पूर्ण सार्वजनिक सम्पत्तिको व्यवस्थापन सामान्य प्रशासन शाखा मार्फत हुनेछ। उक्त शाखाले प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वय र निर्देशनमा गाउँ कार्यपालिकाको कार्यालय र गाउँपालिकाबाट वडा कार्यालय एवं विषयगत कार्यालयमा हस्तान्तरण भएका जिन्सी मालसामानको अभिलेख दुरुस्त राखी ती मालसामानमा गाउँपालिकाको मालसामान हो भनी पहिचान हुने गरी संकेत टाँस गर्नुपर्नेछ।

(२) गाउँपालिकाले खरिद गरेका सवारी साधनको सञ्चालन तथा व्यवस्थापनको लागि सडक तथा यातायात उपशाखाले प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वय र निजको निर्देशनमा आवश्यक कार्य गर्नुपर्नेछ। गाउँपालिकाको नाममा रहेका इक्वीपमेन्ट तथा सवारी साधन भाडामा दिँदा भाडामा दिएको सवारी साधनको अभिलेख म.ले.प.फाराम नं. ५५ अनुसार राख्नुपर्नेछ। गाउँपालिकाले भाडामा दिने सवारी साधन तथा निर्माण सामाग्रीको दर, भाडामा लिँदा दिनुपर्ने निवेदनको ढाँचा र सम्झौता तोकिए बमोजिम हुनेछ।

(३) अधिकार प्राप्त अधिकारीको आदेश बिना गाउँपालिकाको नाममा रहेका सवारी साधनको प्रयोग कसैले पनि गर्न मिल्ने छैन। अधिकार प्राप्त अधिकारीको आदेश बिना सवारी साधनको प्रयोग गरेको पाइएमा सार्वजनिक सम्पत्तिको दुरूपयोग गरेको मानिनेछ। आदेश बिना सवारी साधनको प्रयोग गरी उक्त सवारी साधन टूटफुट भएमा वा बिग्रिएमा सामान्य प्रशासन शाखाको जिम्मेवार कर्मचारी र सम्बन्धित कर्मचारीबाट मर्मत सम्भार गर्न लाग्ने रकम असुल उपर गरी जनही थप दश हजारसम्म जरिवाना हुनेछ।

(४) गाउँपालिकाबाट नियुक्ति प्राप्त आधिकारिक सवारी चालकले मात्र सवारी साधन चलाउने अख्तियारी पाउनेछन्। आफूले चलाने सवारी साधनको संरक्षण, सुरक्षा, सर्भिसिङ लगायतको कार्य गर्नु सम्बन्धित चालकको कर्तव्य हुनेछ।

(५) आधिकारिक सवारी चालक बाहेक अरुले सवारी चलाई सवारी साधन टुटफुट भएमा वा बिग्रिएमा वा हानी नोक्सानी भएमा उक्त टुटफुट वा हानी नोक्सानी वापतको रकम असुल उपर गरी थप दश हजारसम्म जरिवाना गरिनेछ। चालकको बेवास्ताको अवस्थालाई विश्लेषण गरी निजलाई पदबाट बर्खास्त समेत गर्न सकिनेछ।

(६) गाउँपालिकाबाट वडा कार्यालय एवं अन्य विषयगत कार्यालयमा हस्तान्तरण भएका जिन्सी सामानहरुको अभिलेख राख्ने, संरक्षण एवं सम्वर्द्धन गर्ने जिम्मेवारी वडा अध्यक्ष र वडा सचिवको हुनेछ। गाउँपालिकाबाट हस्तान्तरण भएका जिन्सी सामानहरुको हिनामिना गरेको पाइएमा उक्त सामानको परल मूल्य बराबरको रकम वडा अध्यक्ष र वडा सचिवबाट असुल उपर

गरी थप पाँच हजारसम्म जरिवाना गरिनेछ ।

६. **राजश्व संकलन, योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन सम्बन्धी संहिताः** (१) गाउँपालिकाको स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसारका वार्षिक कार्यक्रम कार्यान्वयनको लागि समयमै उपभोक्ता समितिको गठन गरी योजनाको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी वडाको हकमा वडा समिति, वडा सचिव र गाउँपालिकाको हकमा गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत र विषयगत कार्यालयका प्रमुखहरुको हुनेछ ।

(२) गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसार सञ्चालित योजनाहरुको अनुगमन र मूल्याङ्कन नगरी उपभोक्ता समितिलाई भुक्तानी दिइने छैन । अनुगमन र मूल्याङ्कनको आवश्यक व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्नेछ । पाँच लाखभन्दा बढी लागत अनुमान भएका योजनाहरुको फरफारक गर्दा कूल लागतको कम्तिमा पाँच प्रतिशत रकम धरौटीको रुपमा तोकिएको समयपछि फिर्ता हुने गरी गाउँपालिकाको धरौटी खातामा जम्मा गरिनेछ । उक्त धरौटी रकम सम्बन्धित आयोजनाको दिगोपनाको लागि राखिनेछ । आयोजना सम्पन्न भई सञ्चालन हुनुपर्ने अवधिसम्म ६काउ हुने अवस्था नदेखिएमा वा इष्टिमेट अनुसारको निर्माण सामाग्री प्रयोग नगरी न्यून गुणस्तरको निर्माण सामाग्री प्रयोग गरेको देखिएमा उक्त धरौटी रकम जफत गरी सम्बन्धित आयोजनाको मर्मत सम्भारको लागि खर्च गरिनेछ र उक्त निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई कानून बमोजिमको सजाय गरिनेछ । इष्टिमेट अनुसार आयोजनाको दिगोपना देखिएमा उक्त धरौटी रकम सम्बन्धित उपभोक्ता समितिलाई तोकिएको अवधिपछि फिर्ता गरिनेछ ।

तर धरौटी फिर्ता हुने अवधि कम्तिमा एक वर्षको हुनेछ ।

(३) आर्थिक ऐन अनुसार वडा कार्यालयको राजश्व संकलनमा अग्रसरता देखाउने, संकलित राजश्व गाउँपालिकाको मूल खातामा जम्मा गरी तोकिएको अवधिभित्र गाउँपालिकामा प्रतिवेदन गर्ने मुख्य दायित्व वडा अध्यक्ष र वडा सचिवको हुनेछ । समयमै संकलित राजश्व गाउँपालिकामा दाखिला नगर्ने वडाको वडा अध्यक्ष र वडा सचिवबा६ असुल उपर हुने गरी दश हजारसम्म जरिवाना गर्न सकिनेछ । राजश्व संकलनमा बेवास्ता गर्ने, संकलित राजश्व समयमै दाखिला नगरी दुरुपयोग गर्न खोज्ने वडाका वडा अध्यक्षको सुविधा, बैठक भत्ताबाट कटौती गरिने र दायित्व पूरा नगर्ने कर्मचारीहरुको तलब भत्ता रोक्का गरी ती वडामा कार्यान्वयन हुने योजनाहरु कटौती गरी कार्य सम्पादन स्तर राम्रो भएका वडाहरुमा सार्ने नीति अवलम्बन गरिनेछ।

७. **मदिराजन्य तथा सूर्तिजन्य पदार्थ सम्बन्धी संहिताः** (१) मदिराजन्य पदार्थको उत्पादन र बिक्री वितरणको अनुमति प्राप्त व्यक्तिले देहायका शर्तहरु पालना गर्नुपर्नेछः

(क) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमति पत्र पाएकाले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेन्ट वा पसल थाप्न पाउने छैन । यसरी अनुमतिपत्र र अनुमतिपत्रमा उल्लेख भएका शर्त बाहेक मदिरा

बिक्री वितरण गरेको वा मदिरा खुवाउने काम गरेको पाइएमा एक लाख रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको अन्य कारबाही हुनेछ ।

(ख) खण्ड (क) मा उल्लेख भए बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले गाउँपालिकाबाट समेत व्यवसाय दर्ता गरी अनुमति लिनुपर्नेछ । गाउँपालिकाबाट अनुमति नलिई मदिरा बिक्री वितरण गरेको वा खुवाएको पाइएमा एक लाख रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको अन्य कारबाही गरिनेछ ।

(ग)कसैले पनि प्लाष्टिकको पोका (पाउच)मा मदिरा राखी मदिराको उत्पादन र बिक्री वितरण गर्न पाउने छैन । कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाउने छैन । यदि कसैले अठार वर्ष उमेर पूरा नभएको व्यक्तिलाई मदिरा बिक्री गरेमा उक्त व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको अन्य कारबाही हुनेछ।

(घ) कुनै व्यक्तिले अनुमति बेगर र अनुमति पाएकाले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन । अनुमति वेगर निकासी वा पैठारी गरेको पाइएमा उक्त मदिरा जफत गरी एक लाख रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको अन्य कारबाही हुनेछ ।

(ङ) मदिरा उत्पादन, बिक्री वितरण गर्ने व्यक्तिले इजाजतपत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नुपर्नेछ ।

(च) डिपार्टमेन्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(छ) प्रत्येक बोतलमा बिर्को र बोतलमा पर्ने गरी अन्तः शुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ ।

(ज) अनुमतिपत्र प्राप्त फर्म वा व्यक्तिले बिहान १०:०० बजेदेखि राति ८:०० बजेसम्म मदिरा बिक्री वितरण गर्नुपर्नेछ । यदि तोकिएको समय बाहेक अन्य बेला मदिरा बिक्री वितरण गरेको पाइएमा एक लाख रुपैयाँसम्म जरिवाना र कानून बमोजिम अन्य सजाय हुनेछ ।

(झ) मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको बिजक राख्नुपर्नेछ ।

(ञ) इजाजतपत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ । अन्तःशुल्क टिकट नरहेको सामान खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई एक लाख रुपैयाँसम्म जरिवाना र कानून बमोजिम दण्ड जरिवाना हुनेछ ।

(ट)गाउँपालिकाको आर्थिक ऐन अनुसार तोकिएको राजश्व नतिरी कसैले मदिराजन्य तथा सूर्तिजन्य पदार्थको आयात गरेको पाइएमा वा राजश्व छल्न खोजेमा निजको मदिरा जफत गरी एक लाख रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको सजाय हुनेछ।

(ठ)सरकारी कार्यालय, विद्यालयको पाँच सय मिटरको चार किल्लाभित्र मदिराजन्य तथा

सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न पाउने छैन । यदि कोही कसैले तोकिएको चार किल्लाभित्र मदिराजन्य पदार्थ बिक्री वितरण गरेको पाइएमा निजको मदिरा जफत गरी एक लाख रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको कारबाही हुनेछ ।

(ड)कसैले खण्ड (ठ) मा उल्लेख भए बमोजिमको चार किल्लाभित्र मदिराजन्य पदार्थको सेवन गरेमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको अन्य कारबाही हुनेछ ।

(ढ)कुनै व्यक्तिले मदिरा सेवन गर्न चाहेमा साँझ ५:०० बजेदेखि ८:०० बजेसम्म गाउँपालिकाले तोकेको स्थानमा मात्र सेवन गर्न पाउनेछ । गाउँपालिकाले तोकेको स्थल बाहेक अन्य स्थलमा मदिरा सेवन गरेको पाइएमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना र कानून बमोजिम अन्य कारबाही हुनेछ । साथै मदिरा खुवाउने फर्म वा पसललाई समेत पन्ध्र हजार रुपैयासम्म जरिवाना हुनेछ ।

(ण) कसैले मदिरा सेवन गरी सार्वजनिक शान्ति सुरक्षामा खलल पुर्‍याउने, सामाजिक सद्भाव एवं सहिष्णुतामा आघात पुर्‍याउने, होहल्ला गर्ने, गाली बेइज्जती गर्ने लगायतको कार्य गरेमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना र कानून बमोजिमको अन्य कारबाही हुनेछ ।

(त)अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरुको पालना गर्नु पर्नेछ ।

**८. विविधः** (१) गाउँपालिका अन्तर्गतको वडा कार्यालय, विषयगत कार्यालयमा कामकाज गर्ने गरी खटिएका कर्मचारीहरुले बिदामा बस्दा प्रमुख प्रशासकीय अधिकृतबाट विदा स्वीकृत गर्नुपर्नेछ ।

(२) गाउँपालिका अन्तर्गतको वडा कार्यालय, विषयगत कार्यालयमा कामकाज गर्ने गरी खटिएका कर्मचारीहरुले कार्यालय समयमा निजामति ड्रेस र परिचयपत्र लगाउनुपर्नेछ ।

(३) कर्मचारीहरुको तलब भत्ता, पदाधिकारीहरुको सुविधा एवं भत्ता बैंक मार्फत मात्र भुक्तानी हुनेछ ।

(४) यो कार्यविधि बन्नुपूर्व यस कार्यविधिमा उल्लेख भए अनुसारका कार्यहरु भएको भए यसै बमोजिम भएको मानिनेछ ।

## अनुसूची १

### गाउँपालिका क्षेत्रभित्रका सडकको वर्गीकरण

| क्र.सं. | सडकको किसिम | सडकको नाम | सडकको क्षेत्राधिकार | सेट ब्याक (न्यूनतम्) | कैफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय राजमार्ग | | ५० मिटर | ६ मिटर | |
| २ | जिल्ला सडक | | २० मिटर | ६ मिटर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | A-Type सडक | | १४ मिटर | २ मिटर | |
| ४ | B-Type सडक | | १० मिटर | २ मिटर | |
| ५ | C-Type सडक | | ६ मिटर | २ मिटर | |
| ६ | ५० मिटरभन्दा छोटा बाटाहरु | | ४ मिटर | | |

## अनुसूची २

## गाउँपालिकामा रहेका हेभी इक्वीपमेन्ट/सवारी साधनको भाडा दर

| क्र. सं. | हेभी इक्वीपमेन्टको नाम | भाडा दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्रति घण्टा | प्रति दिन | प्रति ट्रिप | प्रति महिना | |
| १ | ब्याकहू लोडर | २,१००।- | | | | |
| २ | ट्रिप्पर ट्रक | | ६,५००।- | | १,५०,०००।- | |

**गाउँपालिकामा रहेका एम्बुलेन्स भाडा दर**

| क्र.सं. | स्थान | गन्तव्य | भाडा दर | कैफियत |
|---|---|---|---|---|
| १ | खाबाङ बगर | रुकुमकोट | ४,०००।- | |
| २ | खाबाङ बगर | मुसिकोट | १०,०००।- | |
| ३ | खाबाङ बगर | दाङ | | |
| ४ | खाबाङ बगर | नेपालगञ्ज | | |
| ५ | खाबाङ बगर | काठमाडौं | | |

गाउँपालिका क्षेत्रभित्र प्रति किलोमिटर रु १५०।-

## अनुसूची ३

मितिः २०७...../....../.....

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

**विषयः- ब्याकहू लोडर/ट्रिप्पर ट्रक उपलब्ध गराइदिनु हुन ।**

उपर्युक्त विषयमा …………….. नगरपालिका/गाउँपालिका वडा नं. …., …………….. स्थायी ठेगाना भएको म/हामी ………………….…………………………… लाई ……………………………………………………..……… कार्यको लागि तहाँ कार्यालयको ………………………….. भाडामा लिनुपर्ने भएकोले …………….. घण्टा/दिन/ट्रिप/महिनाको लागि तहाँ कार्यालयको नियमानुसार उक्त निर्माण सामाग्री (ब्याकहू लोडर/ट्रिप्पर ट्रक) भाडामा उपलब्ध गराइदिनु हुन आवश्यक कागजात सहित यो निवदेन पेश गरेको छु/छौं ।

**संलग्न कागजातहरुः**

१.

२.

३.

४.

निवेदक

| क्र.सं. | नाम, थर | ठेगाना | नागरिकता नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

**भाग-२**

**भूमे गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत